धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख
श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट
## मिति २०७८ असार ७ गते

# धुलिखेल नगरपालिका
## Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

1. सङ्घीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै धुलिखेल नगरपालिकाले लिएको **'समृद्ध र सुन्दर धुलिखेल**को दीर्घकालीन सोच पुरा गर्नेतर्फ प्रतिवद्ध रही यस नगरपालिकाका आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। यस महत्त्वपूर्ण घडीमा नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद तथा अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक आर्थिक रूपान्तरणमा उहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

2. नेपालको राज्य पुनःसंरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात् धुलिखेल नगरपालिकाका तर्फबाट नवौ नगर सभामा पाँचौ पटक नीति, तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु। नेपालको संघीय संरचना अन्तरगत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत वोध गराउने यो सुखद समयलाईलाई पुनः स्मरण गर्न चाहन्छु।

3. हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को कारण देशभर र देश बाहिर ज्यान गुमाउनु हुने नेपालीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। कोभिड- १९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्रस्वास्थ्य लाभको कामना गदै कोभिड-१९ लाई पराजित गरी घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना ब्यक्त गर्दछु। कोभिड-१९ को महामारीको विषम परिस्थितिमा अग्रभागमा रहेर सेवा गरिरहेका चिकित्सक, नर्स, स्वस्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक र तथा महामारी रोगथाममा खटिनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरुप्रति धन्यवाद ज्ञापन गर्दछु।

4. कोभड- १९ महामारीको दोश्रो लहरको सङ्कटको यस समयमा जीवनरक्षाको अभिभारालाई नगरपालिकाले मुख्य प्रथिमकता दिएको छ। नगरपालिका महामारीकै बीचमा पनि सजगता अपनाउँदै नगरका विकास गतिविधलाई निरन्तरता दिइएको यहाँहरुलाई विदितै छ।

5. अहिले देश **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षाका साथ विकास उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सन्दर्भमा स्थायी शान्ति, स्थीरता, सुशासन र दिगो विकासका प्रतिफल जनसमक्ष प्रस्तुत गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु। धुलिखेलवासीले पाँच वर्षको लागि दिएको जनमतलाई सम्मान गर्दै सो को जिम्मेवारी विगत चार वर्षदेखि हामीले इमान्दारीपूर्वक निर्वहन गरिरहेको विश्वास लिएको छु।

6. धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था र संघीय संरचनाका सरकार संचालनको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ। यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा धुलिखेल नगरपालिकाका वडा समितिहरु, विषयगत समितिहिरु, बजेट तथा योजना तर्जुमा समितिको परामर्श समेतको आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट छलफलका लागि पेश गर्ने अनुमति चाहन्छु।

7. प्रस्तुत नीति तथा कार्यक्रममा अधिकांश प्रतिवद्धताहरु गत आर्थिक वर्षमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको निरन्तरतामा रहेको अवगत गराउन चाहन्छु। केही कुराहरु बदलिँदो परिस्थिति समेतलाई मध्यनजर गरी उपयुक्तताका आधारमा पेश गरिएको छ।

8. यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रुपमा रहको आ.व. ०७८/०७९ को वार्षिक नीति, कार्यक्रमको तर्जुमाको चरणमा नगरपालिकाका प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, सञ्चार जगत्, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एवम् धुलिखेल नगरवासी सम्पूर्ण आदरणीय आमा-बुबा, दाजु-भाइ तथा दिदी-बहीनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु

9. यतिबेला कोभिड-१९ को महामारीले हाम्रा सम्पुर्ण काम कारवाहिहरु प्रभावित भएका छन्। कोभिड-१९ विरुद्धको संघर्ष र लडाई प्रमुख बनेको छ। जनताको जीवन रक्षा गर्नु हाम्रो पहिलो कर्तब्य बनेको छ। तर हामी शुरुबाटै पुर्वतयारी र योजनाका साथ

कृयाशील रहेकोले कोरोना भाइरसको रोकथाम, नियन्त्रण र उपचारमा चुस्त ब्यवस्थापन गर्न सक्षम भएका छौं। अबका दिनहरुमा पनि कोभिड-१९ लाई पराजित गर्न सबै एकढिक्का भई लाग्नुको बिकल्प छैन। म कोरोना भाइरस विरुद्धको अभियानमा मानव जीवन रक्षाका लागि उभिन सबैलाइ आव्हान गर्दछु।

10. नगरपालिकाको पर्यटकीय पहिचानलाई स्थापित गर्न नगर क्षेत्र भत्रका सवै सरकारी कर्यालय, विद्यालय, गैरसरकारी सघ सस्था उद्योग प्रतिष्ठान तथा नीजि आवासमा धुलिखेल नगरपालिकाको झण्डा राख्ने अभियान चलाईने छ। साथै प्रचलित सघिय परम्परा र कानून बमोजिम राष्ट्रिय झण्डा राख्न समेत अभिप्रेरित गरिने छ।

11. देशको राजधानी काठमाण्डौंसँग नजिक रही पर्यटन, व्यापार, जलस्रोत, कृषि र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको स्रोत र साधनको सु-व्यवस्थित उपयोगले धुलिखेलवासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो नगरसभा सफल हुने विश्वास लिएको छु।

12. दिगो विकास लक्ष्यको आन्तरिकीकरण यस नीति तथा कार्यक्रमको तर्जुमा गर्दा दिगो विकास लक्ष्यसग सामन्जस्य हुने गरी कार्यक्रमहरुको तर्जुमा गरिएको छ। आगामी आव ०७८/०७९ को नीति तथा कर्यक्रमका साथै बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन् २०३० सम्ममा पुरा गर्न गरि प्रतिबद्धता जाहेर गरेका १७ वटा लक्ष्यहरुलाई सहयोग पुग्ने गरी नीति तथा कार्यहरु तय गरेको म याहाँहरु सामु अवगत गराउँन चाहान्छु।

**सभाध्यक्ष महोदय,**

अव म यस नगरपालिकाले आ.ब. २०७८।०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु

13. नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु,, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवम एकल तथा साझा अधिकार सूचि, स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिबद्धताहरु यस

नीती तथा कार्यक्मको आधारहरु हुन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा संचालन सम्बन्धी ऐन, नियमावलीका प्रावधानहरु, स्थानीय तहका क्षेत्रगत नीति, पन्धौ पन्च बर्षिय याजना, नगरपालिको एकिकृत नगर विकास योजना, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामायिक मुद्धाहरु, दिगो विकासका लक्षहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, उर्जा संकटको व्यवस्थापन लगायतका दस्तावजले यो नीति तथा कार्यक्रम निर्माणको क्रममा मध्यनजर गरिएको छ। अन्य सम्बन्धित बिषयगत नीतिहरु, निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषणापत्र तथा प्रतिवद्धताहरू, विगतका आर्थिक वर्षमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु, विभिन्न राजनीतिक दलहरु, संघ संस्था प्रतिनिधिहरु, नगरवासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरू एवं संचार माध्यम, वौद्धिक वर्ग लगायतका निजी क्षेत्रको सुझाव तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरुलाई नीति निर्माणको आधारको रुपमा लिएको छु।

**अब म नगरपालिकाले लिएको विषयगत क्षेत्रगतको नीतिहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

**स्वास्थ्य**

14. गत वर्षबाट नगरपालिकाले लिएको **स्वास्थ्य शहर अभियान** लाई साकार तुल्याउन नागरिक स्वास्थ्यका बहुआयामिक समस्याहरुको यथार्थ वस्तुस्थिति विश्लेषण गरी सो को अधारमा उपयुक्त कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। यस अभियानलाई राष्ट्रिय पहिचान दिन संघ तथा प्रदेश सरकारसंगको सहकार्य प्रवर्धन गरिनेछ।

15. **"रोग बिरुध्दको चेतना ब्यक्ति ब्यक्तीमा, रोगको उपचार बस्ती बस्तीमा"** अन्तर्गत वडा तथा बस्ती स्तरिय हरेक महिला स्वयं सेविकाको नेतृत्वमा वटा स्वास्थ्य जागरण समुह गठन गरि स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

16. **स्वास्थ्य सेवा स्तरिकरण** गर्न प्रत्यक स्वास्थ्य संस्थामा अक्सीजन सेवा सहित २ वटा बेड ब्यवस्था गरिने छ।

17. कोभिड-१९ को महामारीको अग्रपंशक्तमा रही उत्कृष्ट सेवा प्रदान गने स्वास्थ्यकर्मीलाई **"कोरोना योध्दा पुरस्कार"** तथा पदक को व्यवस्था गरिनेछ।

18. **"स्वास्थ्य बीमा नगरको जिम्मा"** अन्तरगत जेष्ठ नागरिक, महिला स्वास्थ्य सवयं सेविका तथा अपांग नागरिकहरुलाई नगरले प्रिमियम तिरी स्वास्थ्य बीमामा आबद्ध गराइनेछ।

19. **"पोषण स्वास्थ्यमा नगरको अग्रता, बाल बालिका र महिलाको सहभागिता"** कार्यक्रम अन्तरगत महिला तथा वालबालिकाको पोषण सुधार कार्यक्रम सञ्चालन गरिने छ।

20. **"धुलिखेल नगर, धुवाँ मुक्त शहर"** कार्यक्रम अन्तरगत दाउरा बालेर खाना बनाउने घर परिवारमा दाउरा प्रतिस्थापन गरी बैकल्पीक उर्जा प्रवर्धन गर्न विद्युतीय चुलो बितरण गरिने छ।

21. **"बिपदमा नगरपालिकाको साथ"** कार्यक्रम अन्तरगत कोभिड-१९ को संक्रमण तथा प्राकृतिक बिपद्का कारण ज्यान गुमाएका नागरिकहरुको परिवारलाई कृया तथा सदगत खर्च वापत प्रति मृतक रु १५०००।०० उपलब्ध गराइने छ।

22. नगर क्षेत्रका कोरोना प्रभावितहरुका लागि **"नि शुल्क एम्वुलेन्स सेवा"**को निरन्तरता दिइने छ।

23. सवै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरी सेवा संचालनमा प्रभावकारिता वृद्धि गरिनेछ।

24. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गरिनेछ। "अत्यावश्यकीय औषधी तथा उपकरणको" अभाव हुन नदिई सहज आपूर्तिको व्यवस्था मिलाइनेछ।

25. **"समुदायमा कोरोना नियन्त्रण कार्यक्रम"**मा कोरोना भाइरस (कोभिड १९) को संक्रमण अवस्थामा स्वाब संकलन तथा केश पहिचान कार्यमा तिव्रता दिईने, संक्रमितहरुलाई नियमित औषधि तथा परामर्शको प्रवन्ध, परिवारमा अलग्ग बस्ने सम्भावना नभएका विरामीको आइसोलेशनमा राखी स्वस्थ्यकर्मी नियमित निगरानी गर्दै कोरोना रोकथाम सेवा प्रभावकारी बनाइने छ।

26. **"कोभिड १९ नियन्त्रणमा सहकार्य"** अन्तरगत कोभिड १९ को संक्रमण तत्काल निर्मूल नभई लामो समयसम्म रहन सक्ने संभावनालाई दृष्टिगत गर्दै यसको संक्रमणलाई न्यूनीकरण गर्न नेपाल सरकार तथा विश्व स्वास्थ्य सँगठनको प्रोटोकल अनुसारका सामाजिक दूरी लगायत अनुशासन पालनाका लागि स्थानीय सञ्चार माध्यम, नागरिक समाज, सामाजिक अभियन्ताहरू, निजी, सरकारी तथा गैरसरकारी संस्थाहरू लगायतका सरोकारवालाहरुसँगको सहकार्यमा समुदाय स्तरमा सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।

27. कोभिड पछिको समयमा बाल बालिका तथा अन्य नागरिकमा कुपोषणको प्रभाव पर्न नदिन **"पोषण बिशेष कार्यक्रम"** सञ्चालन गरिने छ।

28. प्राकृतिक प्रकोप तथा महामारीको समयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीको उच्च मनोबल कायम राख्न प्रोत्साहनको व्यवस्था गरिने छ।

29. नगर स्वास्थ्य केन्द्र र क्लिनिकमा विशेषज्ञता सेवा सहित आधुनिक प्रयोगशाला सेवा विस्तार गरिनेछ।

30. स्वास्थ्य जनशक्तिको अभावमा स्वास्थ्य सेवा अवरुद्ध हुन दिईने छैन। धुलिखेल अस्पताल लगायत संगको सहकार्यमा **"बिषेशज्ञ घुम्ती स्वास्थ्य शिविर"**हरु संचालन गरीने छन्। स्वास्थ्यकर्मीहरुको सेवाको निरन्तरताको अनुगमन गरिने छ।

31. बाल स्वास्थ्यका थप कार्यक्रमहरु सञ्चालन गरी बाल सुरक्षा तथा बाल बिकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

32. सबै नगरवासीहरुलाई आगामी वर्ष भित्र **"कोरोना विरुद्धको खोप"** उपलव्ध गराउन अधिकतम प्रयत्न गरिनेछ।

33. संघीय सरकारको सहयोगमा काभ्रे भज्याङमा निर्माणाधीन नगर अस्पताललाई **"सरुवा रोग तथा डाइलासिस"** अस्पतालको रुपमा विकास गरिने छ।

34. **"मानसिक रोग तथा मनोसामाजिक परामर्श"** कार्यक्रम विभिन्न गैर सरकारी संस्थाहरु संगको सहकार्यमा संचालन गएकोमा सो को निरन्तरता दिईनेछ।

35. **"स्वास्थ्यको लागि व्यायाम"** कार्यक्रममा जोड दिदै पार्कहरुमा खुल्ला व्यायामशाला फिटनेश पार्क निर्माण कार्यलाई निरन्तरता दिईने छ।

36. नगरपालिकावाट संचालित **"हाम्रो स्वस्थ्य हाम्रो सरोकार"** रेडियो कार्यक्रमलाई आगामि आ.व. मा पनि निरन्तरता दिईनेछ। यसवाट नगर तथा आसपासका ४० वटा जिल्लामा स्वस्थ्य सम्बन्धि कार्यक्रमहरु र स्वस्थ्य शिक्षा जनस्तरसम्म पुराउँनका लागि महत्वपुर्ण भूमिका खेल्नेछ।

37. **"आयुर्वेद सेवा विस्तार"** सँगै जिर्ण रोगीहरुको लागि स्नेहन स्वेदन तथा सिरोधारा कार्यक्रमको प्रर्वद्धन गरिनेछ। साथै आयुर्वेद सेवा थप वडाहरुमा बिस्तार गरिने छ।

38. नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि परम्परागत तथा आयुर्वेदिक चिकित्सा पद्धति तथा योगको प्रवर्धन गर्दै **"स्थानीय जडीबुटी तथा औषधीजन्य खाद्य पदार्थको प्रवर्धन"** उत्पादन, र उपभोगका लागि प्रोत्साहित गरिने छ। जडिबुटी खेतीलाई प्रोत्साहन गरिने छ।

39. धुलिखेल अस्पतालबाट स्वस्थ बीमा कार्यक्रमबाट प्राप्त सेवा सुविधा प्राप्तिको लागि सहजीकरण गर्न अस्पताल्संगको समन्वयमा स्वस्थ बिमा सहजकर्ताको व्यवस्था गर्न पहल गरिनेछ।

40. उपरोक्त नीतिहरुको कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारको सशर्त अनुदानका अतिरिक्त नगरपालिकाबाट थप रु एक करोड वजेट विनियोजन गरेको छु।

**शिक्षा**

41. कोभिड १९ को महामारीका कारण प्रत्येक्ष विधिबाट विद्यार्थी सिकाइ सहजीकरण गर्न सकिने अवस्था नरहेसम्मका लागि अनलाइनको पूर्वाधार/पहुँच भएका विद्यार्थीका लागि अनलाइन पद्धतिबाट र अनलाइनको पहुँच नभएका विद्यार्थीका लागि रेडियो पाठशाला कार्यक्रम र सियुजी सिममार्फत फोनइन कार्यक्रम सञ्चालन गरी नियमित सिकाइ सहजीकरण गरी बालबालिकाले सिक्न पाउने हकको सुनिश्चितता गरेको छु।

42. विद्यालय शिक्षाको मुख्य कर्ता शिक्षक भएकोले उत्पे्ररित शिक्षकबाट नै अब्बल सिकाइ हुने हुँदा उत्प्रेरणाका माध्यमबाट आन्तरिक अनुशासन अभिबृद्धि गरी शिक्षा क्षेत्रको सुशासन प्रर्वद्धनमा ठोस उपलव्धि हासिल गरिनेछ। यसका लागि धुलिखेल शिक्षा ऐन २०७६ को दफा ३६ बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने र निजसँग नगरपालिकाले करार सम्झौता गरी सिकाइ उपलब्धि वृद्धिको सुनिश्चितता गर्न विद्यालयका प्रअहरुलाइ सचार सुविधा तथा प्रदेश सरकारले उपलब्ध गराउँने प्रअ भत्ता बराबरको रकम थप दिने व्यवस्था मिलाएकोछु।

43. शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा गत वर्ष विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान सम्पन्न गरिएको छ। विद्यार्थी शिक्षक अनुपातका आधारमा बढि भएको प्राथमिक शिक्षक दरबन्दी मध्ये यस वर्ष २२ जना शिक्षकको दरबन्दी मिलान गरिसकिएको छ त्यसैगरी बाँकी मिलानमा पठाउनु पर्ने शिक्षक दरबन्दी रिक्त भएको आधारमा क्रमशः पठाइने छ।

44. माध्यमिक तहको विज्ञान गणित र अङ्ग्रेजी विषयको शिक्षक अभाव पूर्ति गर्न नगरपालिकाबाट गत आवदेखि गरिएको व्यवस्थालाई निरन्तरता दिइएकोछ। यस कार्यक्रमबाट शैक्षिक गुणस्तर सुधार हुनेछ।

45. वैज्ञानिक एवं बालमैत्री सिकाई क्रियाकलाप प्रवद्रधन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुनिश्चत गर्न जर्मन नेपाल सहयोग संघ र शैक्षिक सशक्तिकरण केन्द्रको साझेदारीमा वहुकक्षा वहुस्तर (MGML) शिक्षण पद्धति थप ६ विद्यालयमा विस्तार गरिने छ। यसबाट सो शिक्षण पद्धतिको सबै विद्यालयमा लागु पुग्नेछ।

46. ECD मा सहयोगी कार्यकर्ताहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गर्न संघीय सरकारलाई न्यूनतम पारिश्रमिक संघीय बजेटमा व्यवस्था गर्न ध्यानाकर्षण गराउँदछु।

47. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा कक्षाको सञ्चालन गर्दै सिकाई केन्द्र मार्फत नियमित पढाई सिप विकास गरिने छ।

48. साक्षर नगर घोषणा भईसकेको सन्दर्भमा सो को पहिचान स्वरुप उपयुक्त नगरको उपयुक्त स्थानमा साक्षरता स्तम्भ राख्ने व्यवस्था मिलाएको छु।

49. गत शैक्षिक सत्रबाट लागू गर्न खोजिएको भए तापनि कोभिड सङ्क्रमणको विषम परिस्थितिका कारण संभव बहु प्रतिभा पहिचान र विकास गरी विद्यार्थीको चौतर्फी विकासका लागि खेलकुद, सङ्गीत, कला, योगा, हस्त लेखन, चित्रकला साहित्य आदिका विधागत कक्षा सञ्चालनका लागि **यात्री शिक्षक**को ब्यवस्था गरिने छ।

50. **विद्यार्थीसंग मेयर कार्यक्रमलाई** थप प्रभावकारी बनाइ निरन्तर सञ्चालन गरिने छ। साथै मेयरसँग विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावक अन्तक्रियाको व्यवस्था मिलाएको छु।

51. गत आवबाट सञ्चालन गरिएको धुलिखेल नगरपालिका भित्रका कलेजमा उच्च शिक्षा अन्तर्गत स्नातक तह अध्ययन गर्ने धुलिखेल नगरपालिकाका स्थायी वासिन्दालाई मासिक पढाइ शुल्क पूर्ण निःशुल्क र अन्य स्थानीय तह÷जिल्लाबाट धुलिखेलमा अध्ययन गर्ने विद्यार्थीका लागि कलेज र नगरपालिकाबाट लागत साझेदारीमा पचास प्रतिशत शुल्क मिनाहाको व्यवस्था यस वर्षसमेत निरन्तरता दिएको छु।

52. शैक्षिक गुणस्तर सुधारका लागि स्वच्छ प्रतिस्पर्धाको वातावरण कायम गर्न प्रत्येक वडामा कम्तिमा १/१ विद्यालयलाई नमूना विद्यालय बनाउने नीतिलाई निरन्तरता दिँदै बाँकी ३ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु। यस वर्ष वडामा कम्तिमा एक विद्यालय नगर नमूना विद्यालयको रुपमा विकास हुनेछ।

53. आवश्यकता र औचित्यताका आधारमा बाल विकास केन्द्रलाई पुनः वितरणको ब्यवस्था मिलाईने छ। सबै तहका शिक्षक व्यवस्थापनका लागि दरबन्दी मिलान र विद्यालय समायोजन लगायतका व्यवस्थापकीय कार्य नियमित रुपमा गर्ने व्यवस्था मिलाएको छु।

54. विद्यालयको शैक्षिक क्रियाकलापमा रहेको आधुनिक प्रविधिगत खाडल (Digital Gap) न्यूनीकरणका लागि कम्प्यूटर शिक्षकका लागि ICT Based तालिम प्रशिक्षणको ब्यवस्था मिलाइनेछ।

55. उत्प्रेरित विद्यार्थीले मात्र सहजरुपमा सिक्छन, सहज सिकाई वातावरण तयार गर्न स्वउत्प्रेरित शिक्षकले मात्र सिकाउँछन् भन्ने यथार्थलाई आत्मसाथ गर्दै शिक्षकलाई **स्वःउत्प्रेरणत्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन** गरिनेछ।

56. शिक्षक तालिमलाई खोज, अनुसन्धान तथा आवश्यकतामा आधारित बनाई नविनतम प्रविधी मैत्री बनाइने छ। गुणस्तरीय शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षकको पेशागत सुधारका लागि काठमाडौं विश्वविद्यालयसँग सहकार्य गरी कस्टमाइज्ड तालिमको व्यवस्था मिलाइनेछ।

57. कक्षा १_३ को स्थानीय पाठ्यक्रम गत शैक्षिक सत्रदेखि लागू भइसकेको र यस शैक्षिक सत्रबाट कक्षा ४_८ को स्थानीय पाठ्यक्रम पाइलटिङको रुपमा लागू हुनेछ भने स्थानीय पाठ्यक्रम अनुसार स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं सान्दर्भिक पाठ्यपुस्तकको विकास गरिनेछ।

58. निरन्तर विद्यार्थी मूल्यांङकनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ। मूल्यांङकनको पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ।

59. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ।

60. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ। नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ।

61. यस नगरपालिका भित्र रहेको काठमाण्डौ विश्वविद्यालयमा हुने उच्च शिक्षाका लागि धुलिखेल नगर क्षेत्रका विद्यार्थीहरुलाई अध्ययन कोटाको व्यवस्थालाई निरन्तरता दिईएको छ। विश्वविद्यालय र नगरपालिकाका बीचमा सुमधुर सम्वन्ध स्थापित गर्न नीतिगत पहल लिइनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणामा एक कृषि तथा पर्यटनको व्यवसायिक विद्यालय स्थापना र संचालन गर्न पहल गरिने छ।

62. विद्यालयहरुमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ। यस आवमा सञ्जीवनी मावि धुलिखेल र पूर्ण सञ्जीवनी लङ्नामाई मावि धुलिखेलमा प्रदेश सरकारको सहयोगमा स्कुल बस सञ्चालनको व्यवस्था मिलाएको छु त्यसै गरी शङ्खेश्वर महालक्ष्मी मावि शङ्खुलाई डिजिटल प्रविधियुक्त विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु।

63. धुलिखेल नगरपालिकालाई आकर्षक शैक्षिक हवका रुपमा विकास गर्दै लगिने छ। साथै कृषि, पर्यटन लगायतका विषयगत क्षेत्रका लागि आवश्यक पर्ने प्राविधिक सीपयुक्त

जनशक्ति तयारी गर्न क्रमशः प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

64. दिगो विकास लक्षलाइ हासिल गर्ने गरि शिक्षाका सवै कृयाकलापहरुलाइ सचालन गर्ने नीति अवलम्बन गरिने छ।

65. उपरोक्त नीतिहरुको कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारको सशर्त अनुदानका अतिरिक्त नगरपालिकाबाट थप रु एक करोड पाँचलाख वजेट विनियोजन गरेको छु।

**युवा तथा खेलकुद तर्फ**

66. यहि आवमा टेण्डर गरि शुरु गरि सकिएको धुलिखेल बजारमा रहेको खेलमैदानमालाई अत्याधुनिक सुविधा सम्पन्न बनाईनुका साथसाथै कभर्ड हलको निर्माण गरिने छ।

67. नेपालको कूल जनसंख्यामा ४० प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थालाई दृष्टिगत गर्दै यस नगरपालिका क्षेत्रमा भएका युवाहरुको तथ्याङ्क संकलन गरी नगर क्षेत्रको आर्थिक समृद्धिमा युवाको योगदान अभिबृद्धि गर्ने नीति लिइनेछ। युवाको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वाबलम्वी र चरित्रवान बनाइनेछ।

68. नगरमा बसोबास गरेका जिल्ला तथा राष्ट्रिय स्तरका खेलाडीहरुको १ लाख बरबर रकमको दुर्घटना बीमा नगरपालिकाबाट गरिने छ।

**महिला, बालबालिका. अपाङ्ग, जेष्ठ नागरिक, सामाजिक सुरक्षा र सामाजिक समावेशिता**

**अध्यक्ष महोदय,**

69. सम्वृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान ब्यवहारको नारालाई आत्म साथ गर्दे नगर क्षेत्र भित्र महिला सशक्तिकरण र उद्यमशिलता विकासका लागि **"महिलासग उप-मेयर कार्यक्रम"** संचालन गरिने छ। यस कार्यमा नगरका श्रृजनशील, उद्यमी तथा सामाजिक क्षेत्रमा कार्य गरिहेका महिलाहरुको सकृयता बढाईने छ।

70. संविधान प्रदत्त महिलाको हक सम्बन्धी विषयलाई प्राथमिकता दिदै महिलाको आर्थिक, राजनैतिक तथा सामाजिक शसक्तिकरणका कृयाकलापहरु सञ्चालन गरिनेछ।

71. **"लैङ्गिक हिँसा नगरी समान व्यवहार गरौ, महिला पुरुष कोही पनि हिँसामा नपरौ"** भन्ने नाराको साथमा लैङ्गिक हिँसा रोकथाम तथा न्युनीकरणका कृयाकलाप सञ्चालन गर्नुका साथै हिँसा प्रभावितहरुका लागि अल्पकालिन सेवा केन्द्र (Safe house) सञ्चालनलाई निरन्तरता दिदै उद्दार, संरक्षण, पुनर्स्थापना तथा न्याय निरुपण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

72. महिलाको राजनैतिका सशक्तीकरण तथा कानुनी अभिमुखिकरणका लागि नेतृत्व विकासका कार्यक्रमहरु सञ्चान गरिनेछ।

73. कोभिड १९ को महामारीको कारण भेला, गोष्ठी, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालनमा कठिन हुने हुँदा रेडियो तथा सञ्चारमाध्यमहरुबाट महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता लक्षित कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ।

74. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै परिचय पत्र वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

75. राज्यको कुनै पनि सेवा सुबिधा बाट बन्चित नगरपालिकाका अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाइनेछ।

76. ज्येष्ठ नागरिकका हक अधिकारका विषयलाई संवोधन गर्नुका साथै अनुभवका खानी, जीउँदा इतिहाँस, जिवन्त पुस्तकालयको रुपमा सम्मान, संरक्षण र उनीहरुको अनुभवलाई भरपुर उपयोगको विषयमा जोड दिइनेछ।

77. नवजात शिशु तथा सुत्केरी महिलाको पोषणमा उत्प्रेरित गर्न **उपमेयर सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम**लाइ निरन्तरता दिएको छु।

78. हिंसा प्रभावित महिलाहरुको तत्काल उद्धार तथा संरक्षणका लागि संचालन गरिरहेको महिला सेफ हाउसको सञ्चालन तथा स्तरोउन्नति गरिने छ। यसको दिगो विकासका लागि आगामि आर्थिक बर्षमा प्रदेश सरकारको सहयोगमा भवन निर्माण गरिने छ।

79. नेपालको संविधानले लैङ्गिक विभदेको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिगक तथा यौनिक अलपसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ। आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

80. सन् २०२० सम्ममा समग्र नगरलाई वालमैत्री नगरपालिका बनाउने नीतिलाई हामिले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ एवं कार्यान्वयन कार्यविधि २०६८ ले तोकेका ३९ वटा सूचकहरु पुरा गरी हाम्रो नगरपालिका जिल्लाको पहिलो र देशकै छैठौ बालमैत्री नगरपालिका हुन पुगेको हुदा यो हाम्रो लागि खुशिको बिषाय हो। हामीले मुख्य उपलब्धि त हासिल गरेका छौ तर यसको दिगोपना हाम्रो लागि चूनौतिको बिषय हो। यस नरन्तरताको लागि नगर बाल सजाल वडा बाल सजाल बल क्लबको क्षामता विकासका कार्यक्रम लाइ निरन्तरता दिइने छ।

81. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ एवं कार्यान्वयन कार्यविधि २०६८ ले तोकेका ३९ वटा सूचकहरुको एक चरणमा त पुरा गरियो सो को अवस्था के छ भनि आगामी आर्थिक बरेषामा पुन मुल्याकन गरिने छ। वडा तथा नगरमा तयार गरिएको बालमैत्री लगानी योजना र रणनीतिक योजनाको आधारमा थप कार्यक्रमहरु सचालन गरिने छ।

82. वालमैत्री स्थानीय शासनको दिगो कार्यान्वयनका लागि बालक्लब, वडा बालसंजाल र नगरस्तरीय वालसंजालको दिगो परिचालन गरिनेछ। नगरपालिका र केहि वडाहरुमामा वाल संजालको सम्पर्क कार्यालयको समेत ब्यवस्था भै सकेकोमा बाँकि वडाहरुमा समेत ब्यवस्था गरिनेछ।

83. ^**टुहुरा संरक्षण कार्यक्रम**" नगरमा रहेका बाबुआमा बिहिन बालबालिकाको तथ्याक लिने काम सकिएको र प्राप्त तथ्याका आधारमा प्रति महिनाका दरले अनुदान उपलब्ध गराउँने ब्यवस्था मिलाएको छु।

84. बाल अधिकारको सरक्षण तथा आपतकालिन अवस्थामा उद्धार तथा सरक्षणका लागि बाल सरक्षण कोषालाई निरन्तरता दिईने छ।

85. लैङ्गिक हिँसा प्रभावित ब्यक्तिहरुलाई तत्काल उद्धार पुनर्स्थापना राहात कानूनी परामर्श न्याय निरुपण समेतका लागि सन्चालित लैङ्गिक हिँसा निवारण कोषालाई निरन्तरता दिईने छ।

86. सेभ द चिल्ड्रेनको सहयोगमा सचालित पहुँच परियोजना अन्तरगत सचालित पाँच बर्ष मुनिका अभिभावकहरुलाइ सचालन गरिएको **अभिभावक शिक्षा कार्यक्रम** लगायतका बालबालिकासग सम्बन्धित कार्यक्रमलाइ निरन्तरता दिइने छ।

87. **अग्रजको अनुभव बिकासको जग** अवधारणालाई स्वीकार गर्दै नगरक्षेत्रमा बसोबास गर्ने बुद्धिजिवी, प्राज्ञहरु, अवकाश प्राप्त उच्चपदस्थ कर्मचारीहरु, बरिष्ठ कलाकारहरु, सामाजिक

अभियताहरु, बरिष्ठ राजनीतिज्ञहरुसँग बृहत विद्वतसभाको आयोजना गरी निजहरुका अनुभव र विज्ञतालाई नगरबिकासको मार्ग दर्शनको रुपमा प्रयोग गर्ने अभ्यास गरिनेछ।

88. नेपाल सरकार र प्रदेश सरकारले सामाजिक सुरक्षा र जेष्ठ नागरिक लक्षित विशेष कार्यक्रमलाई उच्च महत्व प्रदान गरेकोछ। राज्यबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा वैंक खाता मार्फत टोल र बस्तीस्तरमा नै उपलब्ध गराउँदै आएकोमा सो को निरन्तरता दिईनेछ।

89. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको विवरण राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागले सञ्चालन गरेको अनलाईन प्रणालीमा अनिवार्य रूपमा वडा कार्यालयबाट नै प्रविष्टि गर्ने गरी व्यवस्थापन गरिनेछ।

90. धुलिखेल नगरपालिकालाई सामाजिक सुरक्षा र **व्यक्तिगत घटनादर्ता सम्बन्धमा देशकै नमूना सिकाई तथा व्यवस्थापकीय केन्द्र**को रुपमा विकास गर्ने उद्देश्य रहेको छ। उक्त कार्यलाई मूर्तरुप दिन अभ्यास र अनुभवलाई घनिभूत वनाई त्रुटी रहित बनाईनेछ।

91. शहरी क्षेत्रका करिव ९०% मानिसको जन्म र मृत्यु अस्पताल तथा स्वास्थ्य केन्द्रमा हुने गरेको छ। जन्म र मृत्यु प्राकृतिक कुरा भएकोले अस्पतालमा जन्मको साथै मृत्युको विवरण प्रविष्टी गर्ने वित्तिकै सम्वन्धित स्थानीय तहले हेर्न मिल्ने र सम्वन्धित सूचक उपस्थित भएपछि Verify गरी प्रमाणपत्र दिनका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

92. हाल BRS System (जन्म प्रमाणपत्र) तयार भएपनि अस्पतालहरुले सो System चलाउन यथाशिघ्र तालिम प्रदान गर्ने साथै DRS System (मृत्यु प्रमाणपत्र) हालसम्म नभएकोले सो बनाउन सम्बन्धित पञ्जिकरण तथा स्वास्थ्य सेवा विभागमा अनुरोध गर्ने र उक्त दुबै प्रणाली सरकारको आमा सुरक्षा कार्यक्रम कार्यान्वयन गर्ने अस्पताल तथा सम्पूर्ण नगरपालिका मातहतका स्वास्थ्य संस्थालाई अनिवार्य गरिनेछ।

93. नगरपालिकाभित्रका कुनै बच्चाको जन्मदर्ता गर्दा खोप लगाएको कार्डको आधारमा जन्मदर्ता गर्ने र जन्मदर्ताको आधारमा विद्यालय भर्ना लगायत अन्य प्रयोजनका लागि **जन्म दर्तालाई नै पहिलो आधार** मान्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

94. नेपाल सरकार र प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि प्राप्त कार्यक्रममा नगरबाट थप लागत साझेदारी गर्ने नीति लिइनेछ। नगर क्षेत्र भित्रका भौतिक संरचना, यायायात, सेवा सुविधा, साधन श्रोत, सूचना तथा सञ्चार प्रविधिलाई अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ। सवै प्रकारको अपाङ्गता

भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

95. अपाङ्गवर्गका लागि विभिन्न सिपमूलक तथा आयअर्जनका कार्यक्रमहरु मार्फत सशक्त गर्नुका साथै जीवनयापनमा सहजीकरणका निमित्त सहायता सामाग्रीहरु उपलव्ध गराउने व्यवस्था मिलाएको छु।

96. **"धुलिखेलको आवाजः छुवाछुतमुक्त समाज"** अभियान साकार पार्न समुदयस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा अन्य समुदायसँगको सहकार्यात्मक कार्यक्रमहरुलाई दलित परिषदसंगको नेतृत्वमा निरन्तरता दिईनेछ।

97. समावेशी विकासका माध्यमद्धारा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका जनजाति, दलित, महिला युवा र अपाङ्ग लगायतका समूदायको विकासका लागि समुदायस्तर सम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रम व्यवस्था गरी गरिवी निवारणका कार्य स्थायी रुपमा व्यवस्थापन गर्न **"मेयर गरिवी निवारण कार्यक्रम"** लाइ निरन्तरता दिएको छु।

98. नगरपालिकामा रहेको युवा, महिला, दलित, अपाङ्ग र आदिवासी जनजाति परिषद्हरुबाट नीति निर्धारण, सुझाव आदिको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरि कार्यक्रमहरु संचालन गरिने छ। यसका अलावा माहामारीका कारण रोजगारी गुमाएका श्रमिक, किसान, असाहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरीने छ।

99. वेरोजगारीको समस्यालाई अन्त्य गर्नका लागि आगामि आ.व. २०७८।७९ मा युवा वेरोजगारहरुलाई मध्यनजर गरी विभिन्न सिपमुलक तथा आयआर्जनकार्यलाई प्राथमिकता दिईने छ। आगामी आ.व. मा करिव ५ सय भन्दा बढि युवा, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गवर्गहरुलाई विभिन्न खालका तालिमहरुका साथै तालिमको अलावा आवश्यक प्रविधि हस्तान्तरण गर्ने तथा सहुलियतपूर्ण पूजीँ उपलव्ध गराउँन वित्तीय संस्थाहरुसंग समन्वय गरिनेछ।

100. सामाजिक क्षेत्रका प्रस्तावित कार्यक्रमहरुका लागि रु एककरोड असीलाख वजेट प्रस्ताव गरेको छु।

**खानेपानी तथा सरसफाई**

101. नगर क्षेत्र भित्र पर्याप्त खानेपानीको व्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी खानेपानीका आयोजनाहरुलाई प्रथमिकताका साथ अगाडि बढाईनेछ।

102. धुलिखेलको सघन एरियामा खानेपानी सुनिस्चित गर्न नेपाल सरकार, नगर विकास कोष र नगरपालिकाको साझेदारीमा काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजना आगामी आवको पहिलो चौमासिक अवधिमा सम्पन गरि लाभग्राहिहरुलाइ खानेपानीको सहज आपूर्ति गरिने छ। खानेपानी वितरणका लागि स्थानीय मुहानहरुबाट पानी सकलन गरी वितरण गर्ने नीति लिईने छ।

103. धुलिखेल नगरपालिकाको बाँकी स्थानमा खानेपानी सुनिश्चित गर्न **एक घर एक धारा** नीति अनुरुप हाम्रो कार्यकालभित्रै सम्पूर्ण धुलिखेलवासीको लागि खानेपानीको उपलव्धता सुनिश्चत गर्ने ब्यवस्था मिलाएको छु।

104. गुणस्तरीय खानेपानी वितरणको अवधारणालाई अवलम्बन गर्दै खानेपानी परीक्षाण र शुद्धिकरणलाई प्राथमीकता दिईने छ।

105. धाराको मीटरमा उठ्ने न्युनतम पानीको महसुल छुट गर्ने सम्वन्धमा अध्ययन गरी आवश्यक प्रवन्ध मिलाइने छ।

106. नगरभित्रका खानेपानी आयोजनाको मर्मत सम्भार तथा बितरण र महसुल संकलन कार्यलाई प्रविधिमैत्री बनाउन नगरपालिका र कोरियन सरकारको सहयोगमा Smart Water कार्यक्रम कार्यान्वयन गरिने छ।

107. नगर क्षेत्र भित्रका सबै खानेपानी आयोजना हरुको संरक्षण, संचालन, मर्मत संहार तथा महशुल व्यवस्थामा एकरुपता तथा प्रभावकारिताका लागि उपभोक्ता समितिहरुको एकल नगरस्तरीय बोर्ड गठन गर्न कानुनी प्रवन्ध गरिनेछ ।

108. खानेपानी तथा सरफाई कार्यक्रम कार्यान्वयका लागि तीन करोड साठीलाख वजेट विनियोजन गरेको छु।

## सडक पूर्वाधार

109. धुलिखेल नगरको केन्द्रसँग सबै वडा वडाकेन्द्रहरु सिधा स्थायी सडक सञ्जालद्वारा जोड्ने हाम्रो प्रतिवद्धता हाम्रो पाँचवर्षे कार्यकालमा पूरा हुने भएकोमा हामी सबैको गौरवको विषय भएको छ। चालु आव मा उक्त प्रतिवद्धता पूरा गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

110. नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

111. धुलिखेल नगर क्षेत्र भित्रका पक्की सडकहरुको मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रकम बिनियोजन हुने गरी सडक मर्मत सम्भार कार्यलाई अगाडि बढाईनेछ। सडक रणनीतिक योजनानुसार रणनीतिक सडकहरूको सुदृढीकरण एवम् स्तरोन्नति कार्यलाई नगर यातायात गुरु योजना अनुसार प्राथमिकता दिइनेछ।

112. नगर क्षेत्रभित्र रहेका मुख्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन DPR तयार गरि सडक निर्माणको कार्यलाई तिब्रताका साथ अघि बढाईनेछ।

113. नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी अवधारणा अवलम्बन गरिनेछ।

114. साविक धुलिखेल नगरपालिका भित्रका सडकहरुमा लगत कट्टाको लागि पहल गरिनेछ साथै गत तथा चालू आ.ब. मा सञ्चालनमा रहेका योजनाहरुलाई प्राथमिकतामै राखी क्रमागत रुपमा सम्पन्न गरिनेछ।

115. नगरपालिकाद्वारा पूर्वाधार विकास गरिएका योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडि बढाइनेछ। हरेक आयोझनाबाट कट्टी हुने तीन प्रतिशत कन्टिन्जेन्सी मध्य शुन्य दशमलव पाँच प्रतिशत मर्मत सम्भार कोषमा दाखिला गर्ने व्यवस्था मिलाईने छ।

116. भूकम्पलगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक, धार्मिक सम्पदाहरूको पुनर्निर्माणका लागि पुरातत्व विभागसंग सहकार्य गरिनेछ।

117. आकस्मिक सडक मर्मत सम्भारको कार्य गर्न बजेट विनियोजन गरेको छु। यसबाट धुलिखेलका शहरी सडकहरु विग्रनुपूर्व तथा बर्षात पछि मर्मत सम्भार भई शहरको सुन्दरता वृद्धि गर्दै दुर्घटना न्यूनिकरणमा योगदान पुग्ने विश्वास लिएको छु। यसबाट ग्रामीण सडकको आकस्मिक मर्मत समेत गरिने छ।

118. पुण्यमाता खोलाको कोरिडोरमा नयाँ ट्रयाक निर्माण गरि भविष्यमा यातायता संजाललाई विस्तार गरिनेछ।

119. तिव्र सहरीकरणलाई व्यवस्थापन गर्न, पूर्वाधार संरचनाहरु सोही वमोजिम निर्माण गर्न एवम् धुलिखेलको आर्थिक विकासमा टेवा दिन **धुलिखेल चक्रपथ** रेखांकन सम्पन्न गरिने छ।

120. पैदल यात्रीहरुको सम्स्यालाई मध्यनजर गरी नगरक्षेत्र भित्र पर्ने ठुला सडकहरुमा फुटपाथ निर्माण कार्य प्रारम्भ गरिनेछ।

121. सडक पूर्वाधार निर्माणको लागि रु १५ करोड बजेटको व्यवस्था गरिएको छ।

## अन्य पूर्वाधार निर्माण तर्फ

122. विकास योजनाको छनौटमा नागरिकको अपनत्व स्थापना गर्ने गरी विकेन्द्रित पद्धतिको अवलम्वन गर्दै वडा तहका जनप्रतिनिधिको नेतृत्व र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले गत विगतबाट वडास्तरीय योजना कार्यान्ववयनका लागि वडा तहमा प्रदान गरिदै आएको वडास्तरीय वजेटको व्यवस्थालाई निरन्तरता दिएको छु।

123. वडाको भौगोलिक तथा जनसंख्याको विविधतालाई मध्य नजर गरी वजेट वितरणमा समता कायम गर्न रु एक करोडको **सुत्रमा आधारित पूर्वाधार अनुदान कार्यक्रम** प्रस्ताव गरेको छु।

124. नगरकार्यपालिकाका सदस्यहरुको नागरिकसँगको सम्वन्ध स्थापित गर्न प्रत्येक **सदस्यहरुको सिफारिशमा पुर्वाधारसंग सम्बन्धित एक योजना संचालनको कार्यक्रम**लाई निरन्तरता दिएको छु।

125. न.पा.को भौतिक एवम् सामाजिक सेवालाई अपागं मैत्री, बालमैत्री र अपाङ्ग मैत्री बनाउदै लगिने छ। अपांग मैत्री र्‍याम्प निर्माणमा केन्द्रित हुँदै पार्किङ, फुटपाथ, जेब्रा क्रशिङ आदिमा नमूना अपांग मैत्री संरचना निर्माण गर्ने नीतिलाई अगाडि बढाईनेछ। त्यस्तै सङ्केत युक्त टायल लगाई फुटपाथ बनाउने नीति लिइने छ।

126. विपन्नताको कारण विद्युत सेवा उपभोग गर्नबाट वञ्चित नागरिकहरुका पहिचान गरी निजहरुको घरमा निशुल्क विद्युत मिटर जडान गर्ने व्यवस्था मिलाएको छु।

127. पूनृनिर्माण गर्न बाँकि रहेका विद्यालयहरुको निर्माण कार्यलाई निरन्तरता दिईने छ।

128. सहासिक खेललाई प्रोत्साहन तथा प्रवर्द्धनका लागि यस नगरको वडा नम्बर १ मा धुलिखेल माउण्टेन स्पोट्स ट्रेनिङ्ग सेन्टर निर्माणको आवश्यक अध्ययन गरिनेछ।

129. नगरको ठुलो बन क्षेत्रमा अपाङ्गमैत्री Eco trail निर्माण कार्य शहरी विकास मन्त्रालयसगको समन्वयमा निर्माण कार्य अगाडि वढाईने छ।

## भवन आवास तथा शहरी विकास

130. भुकम्प पिडितलाई जुनसुकै डिजाईनको आधारमा घर निर्माण गरी पनि धरौटी बापतको रु ५०००।०० रकम छुट दिने नीतिलाई निरन्तरता दिईनेछ।

131. साविक गाविस हुँदा बनेका घरहरुलाई अनिवार्य रुपमा नक्शा पास अभिलेख गर्ने गरि प्रकृया अघि बाढाईएको छ र सो को निरन्तरता दिईने छ।

132. भुकम्प पश्चातको पुनःनिर्माण कार्यलाई गतिदिन सरकारले जारी गरेको २२ वटा डिजाईनलाई निशुल्क नक्शा पास कार्यलाई यो आ.व.पनि निरन्तरता दिईनेछ।

133. धुलिखेल तथा श्रीखण्डपुरको मुख्य क्षेत्र भित्र घर अगाडिको मोहडा पुरानो तथा पुरातात्विक शैली झल्कने गरी निर्माण कार्य गर्ने गरि नक्शा पास गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ। यसरी निर्माण गरिने घरको नश्शापासमा ५० प्रतिशत राजश्व छुट दिईने छ साथै पुरानो घर अनुसारको डिजाईनमा सम्बन्धित घरधनिले घर निर्माण गरेमा नक्शाको डिजाईन तथा पास निशुल्क गर्ने नीतिलाइ निरन्तरता दिएको छु।

134. यस धुलिखेल नगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट व्याक पूरा भएको, तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र "राष्ट्रिय भवन संहिता'२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण Retrofitting सहित तला थपको अनुमति प्रदान गर्ने नीतिलाइ निरन्तरता दिएको छु।

135. बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्गलाई ब्यबस्थित गरिनेछ। प्लटिङ्ग गार्दा अनिवार्य रुपमा नगरपालिकावाट स्वीकृती लिनुपर्ने छ न.पा बाट स्वीकृति नलिई गरिएको प्लटिङ्गमा नक्सा पास नगर्ने नीति हामीले तर्जूमा गरिसकेको छौ। यस्ता प्लटिङ्गहरुलाई समयमा नै स्वीकृति लिन पनि एक महिना समय अबधि तोकी सूचना जारी गरिसकीएको छ। Land Use Plan नबने सम्म बस्ती बस्न अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति दिइने छैन।

136. नगरपालिकाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ। यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ। नगरपालिकाका विस्तारित वडाहरुमा सडक मापदण्ड र घरको मापदण्ड पुगेका घरहरुको आगामी आ.व. भित्र मात्र समय तोकि नक्सा अभिलेखीकरणको लागि अनुरोध गरिनेछ। यस्तो अभिलेखीकरण गर्दा गैर नाफामूलक तथा सामुदायिक संस्थाहरुको भवनलाई ५० प्रतिशत छुट दिइने छ।

137. नगरपालिका क्षेत्र भित्र निर्माण गरिएका अधिकाँश ठुला तथा भित्रि सडकहरुको हाल सम्म पनि लगत कट्टा नभई ब्यक्तिको नाममानै कायम रहेको कारण बोटो सम्बन्धमा विवाद तथा सडक बिक्रि तथा अतिक्रमण हुने समेत भएको हुँदा यस अ.व.बाट सडकको लगत कट्टा कार्य शुरु गरिने छ।

138. जिल्ला समन्वय समितिसँगको साझेदारीमा निर्माण भइरहेको ७०० जना अट्ने सभा हलको नर्माण कार्य आव ०७८/७९ को पहिलो चौमासिक अवधिमा पुरा गरिने छ। यसबाट धुलिखेलमा हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय सेमिनारहरु संचालनका भई नगरपालिकाको आन्तरिक आयमा टेवा समेत पुग्ने अपेक्षा लिएकोछु।

139. नगरपालिका क्षेत्रभित्र एउटा पहाडी नमूना बस्तीको विकास गरिनेछ। धुलिखेल क्षेत्रलाई सुरक्षित, ब्यवस्थित, सुविधा सम्पन्न र आकर्षक आवास केन्द्रको रुपमा विकास गरिने छ। टाउन प्लान बिस्तारका लागि आबश्यक कार्यविधि र मापदण्ड बनाई नियमन र व्यवस्थापन गरिनेछ।

140. नगरपालिकामा एउटा नगर सभागृह तथा बहुद्देश्यीय कभर्ड हल निर्माणको थालनी गरिनेछ। प्रत्येक वडामा खुला क्षेत्रको रुपमा पनि प्रयोग गर्न सकिने गरी वहुउपयोगी खेलमैदान निर्माण गरिनेछ।

141. ४ फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिम युक्त पर्खालहरु एवम् कच्चा किसिमले निर्माण भएका पर्खाललाई भत्काउन लगाईनेछ। एक घर दुई रुखको नीति लिइने छ। यसले हरियालीयुक्त धुलिखेल कायम राख्न मद्दत पुग्नेछ। प्रत्यक्ष रोजगारी सृजना गर्ने कम्तीमा एक आयोजना महिला कै सहभागितामा मात्र सञ्चालन गर्ने नीति लिइने छ।

142. बजार, पसल, रेष्टुरा, कार्यालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ।

143. यस धुलिखेल नगरपालिकाको वडा नं. ४ मा रहेको विगत लामो समयदेखि सम्पन्न हुन नसकेको धुलिखेल जग्गा विकास आयोजना (landpulling) लाई आगामी आ.व.मा पूर्वाधार निर्माण गर्न नगर विकास कोषसँग ऋण प्रकृया अगाडी बढाइ सम्पन्न गर्न आवश्यक प्रकृयालाई अघि बढाईनेछ।

144. प्रदेश सरकारको सहयोगमा धुलिखेल नगरपालिकाको वडा नं ९,१०, ११ र १२ को संगम स्थल फस्कोटमा निर्माण गरिने औद्योगिक ग्राम निर्माणको कार्यलाई निरन्तरता दिईनेछ। Green Industry को अवधारणालाई कार्यान्वयन गर्न ग्रामभित्र प्रदुषण रहित उद्योगहरु मात्र स्थापना गर्ने व्यवस्था मिलाईने छ।

## कृषि विकास

145. कृषि यान्त्रिकीकरण मल,बीउ प्रबिधी तथा प्रशोधन एवम् भण्डारणलाई अनुदानको ब्यबस्था गरिने छ।

146. बैंकहरु संगको समन्वयमा कृषीकार्ड मार्फत बिना धितो कृषीऋण उपलब्ध गराउन समन्वय गरिने सो वमोजिम प्रवाह गरिने ऋणमा लाग्ने ब्याजमा आवश्यक अध्ययन गरी अनुदानको व्यवस्था मिलाइने छ।

147. बीज भण्डारण गर्ने नीति अनुरुप धानको बीउ उत्पादनको सुरुवात गर्ने कार्य अगाडी बढाइने छ। सबै किसिमको पशुपंन्क्षी तथा कृषि ब्याबसायमा बिमा बिस्तारका साथै उक्त कार्यक्रमलाइ तिरन्तरता दिइने छ।

148. कृषि र पशु सेवा लाई चुस्त दुरुस्त राख्नको लागि सबै वडामा प्राबिधिक जनशक्तीको गुणस्तरीय सेवा प्रवाह गर्ने नीतिको अवलम्बन गरिने छ। कृषि र पशु प्राबिधिकहरुलाई आवश्यक तालिम,प्रदान गरी प्रबिधिको प्रयोग मार्फत किसानलाई तत्काल सेवा प्रवाह गर्न सकिने बनाइनेछ।

149. खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तारको लागि स्थायी श्रोतहरुको पहिचान तथा विकास गरिनेछ। सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी संकलन, स्प्रिंकल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार तथा प्रविधिहरुको हस्तान्तरण गरिनेछ।

150. आवश्यक स्थानमा दुग्ध चिस्यान केन्द्र , पशु स्रोत केन्द्र र नर्सरी लगायतका सेवाहरु बिस्तार गरिनेछ।

151. खाली रहेका सरकारी जमिन नदी उकास जमिनमा फलफूलको बिरुवा रोप्ने कार्यक्रम स्थानीय कृषि सहकारी मार्फत संचालन गरिनेछ।

152. कोभिड -१९ को महामारीको कारण रोजगारी गुमाएका घर फर्किएका ब्यक्तिको लगत संकलन गरी कृषि क्षेत्रमा सामुहिक ब्याबसाय गर्न चाहेमा तालिम, प्रबिधी र सहुलीयत ऋणका लगि बित्तीय संस्थाहरुमा पहल गरिने नीति अबलम्बन गरिनेछ।

153. कृषि कर्म नै गरेर आफ्नो परिवार पाल्ने बास्तबिक किसान पहिचान गर्न सहज होस् भन्ने उदेश्यले किसानको तथ्याङ्क संकलन गरी कृषक परिचयपत्र बितरण गरिनेछ।

154. किसानले उत्पादन गरेका उत्पादीत बस्तुलाई समुह सहकारी मार्फत खरिद बिक्री गर्न सकिने ब्यबस्था मिलाईनेछ।

155. माटो परिक्षण शिविर संचालन कार्यलाई निरन्तरता दिइने छ। माटो सुधारको लागि अनुदानको ब्यबस्था गरिनेछ।

156. बढ्दो सहरीकरणसँगै नगर क्षेत्रमा विस्थापित हुन थालेको पशुपालन, कृषि प्रणालीको निरन्तरताका साथै कृषि भूमिको संरक्षण गर्न यसको विकास र विस्तारका लागि

आधुनिकीकरण गर्ने र यसैका माध्यमबाट जनताको लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरण गर्ने नीति लिइनेछ। कृषि क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माण तथा प्राविधिक परिचालन गरी कृषि उत्पादन अभिवृद्धिका लागि आ.व.२०७७।०७८ को कार्यक्रममा विशेष कार्यक्रम ल्याइनेछ। सोका लागि धुलिखेल नगरपालिकाबाट तयार गरिएको चौबर्षिय कृषि रणनीतिक योजना समेतलाई ध्यान दिई कृषि विकासका कर्यक्रमहरु सचालन गरिने छ।

157. कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने नीति लिइनेछ। "एक वडा एक उत्पादन" कार्यक्रमलाई प्रथमिकता दिई सघन कृषि उत्पादन प्रणालीको विकास गरिनेछ।

158. अर्गानिक उत्पादन स्थानीय बजारमा ब्यवस्थापन नगरका ग्रामीण बस्तिहरुमा स्थानीय अर्गानिक उत्पादनमा जोड दिदै स्थानीय उत्पादन बिक्रिको बाजार ब्यवस्थापनको लागि कृषि उपज बजार केन्द्र स्थापनामा जोड दिईने छ।

159. कृषिक्षेत्रको लागत न्यूनिकरण गरी किसानहरुको मुनाफा अधिकतम गर्नका लागि कृषि यान्त्रिकीकरणमा जोड दिईनेछ। यसका लागि कृषि मार्फत सञ्चालन हुने गरी ५० प्रतिशत अनुदानमा पावर ट्रिलर, थ्रेसर, रिपर, प्लास्टिक टनेल जस्ता कृषि सामाग्रीहरु वितरण गर्ने नीतिलाई नियमितता दिईनेछ।

160. कृषि क्षेत्रलाई यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायीकरणका साथै अर्गानिक कृषि कार्यलाई प्रवर्धन गर्न सिप्रेड संगको साझेदारीमा संचालित कृषि आधुनिकीकरण कार्यक्रमहरुलाई नियमितता दिईनेछ। यसै गरि किसान २ परियोजना, फलफुल र तरकारीको श्रृखला अभिवृद्धि कार्यक्रम स्पिड फर लाइफ कार्यक्रमहरुको निरन्तरता दिईने छ।

161. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना तथा कृषि र पशु विकास ज्ञान केन्द्रसँग समन्वय र सहकार्यमा नगरपालिकाले लागत साझेदारी गर्दै धान, तरकारी, आलु, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय बृद्धि गरिनेछ। घुम्ती शिविरमार्फत माटो तथा गोवर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन बृद्धि गरिनेछ। व्यवसायिक पशुपंक्षी फार्महरु वातावरण तथा प्रविधि मैत्री बनाउन मापदण्ड तयार गरी लागू गरिनेछ।

162. नगरपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा सिचाई सुविधा बृद्धि गरी कृषि उत्पादनमा बृद्धि गर्न पूर्वाधार विकासमा लागत साझेदारी गर्ने नीति लिइनेछ। सिंचाईका लागि सोलार पम्प प्रविधि प्रयोगमा प्रोत्साहन गर्न अनुदान दिने नीति लिइनेछ।

163. घर परिवारलाई पुग्ने अर्गानिक र स्वस्थ्य तरकारी आफैले उत्पादन गरी उपभोग गर्ने आदतको विकासका लागि करेसाबारी तथा कौसी खेती कार्यक्रम लक्षित समूह मार्फत सञ्चालन गर्ने नीति लिइनेछ। नगर क्षेत्रमा उत्पादन गर्न सकिने र उर्वर जमिनलाई बाँझो राख्न पाइने छैन। यस्ता क्षेत्रहरुमा समूह खेती प्रणाली गर्न चाहने कृषक समूहलाई सिचाई प्रणाली र कृषि औजार उपकरणमा अनुदान दिने नीति लिइनेछ।

164. स्थानीय वस्तुको उपभोग गरौ, र उत्पादनलाई प्रोत्साहन गरौ भन्ने अभियान सञ्चालन गरी कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

165. विगत १० बर्ष देखि बाझो रहेका जमिनमा खेति प्रारम्भ गर्ने किसानहरुलाई निजले खेति गरेको जमिनको क्षेत्रफलमा लाग्ने सम्पत्ति करमा छुट दियिनेछ

166. न्यनतम एक रोपनी क्षेत्रफलमा आधुनिक प्रविधिको उपयोग गरि खेति गर्ने किसानहरुलाई कृषि मिटर जडान खर्चमा शत प्रतिशत अनुदान उपलव्ध गराइने छ।

## पशु विकास

167. यस नगरपालिका कुखुराको अण्डा, मासु र दुधमा आत्मनिर्भरताको नजिक पुगेको छ। साथै उत्पादनको बजारीकरणमा सुधार आएको छ। अब क्रमश धानमा आत्मनिर्भर हुने नीति लिइनेछ।

168. धुलिखेल नगरक्षेत्रका अधिकांश नागरिकहरुको मूख्य पेशाका रुपमा रहेको पशु व्यवसाय प्रवद्र्धनका लागि पशु स्वास्थ्य, नश्ल सुधार, पशु आहारा प्रवद्र्धन तथा यान्त्रिकीकरणमा जोड दिईएको छ। किसानहरुलाई निशुल्क रुपमा घासको विउँ वितरण गरिनेछ। पशु वीमा कार्यक्रममा लाग्ने पशुपालकहरुले व्यहोर्नु पर्ने प्रिमियमको २५ प्रतिशत मध्ये १५ प्रतिशत नगरपालिकाको तर्फ उपलव्ध गराउने व्यवस्थालाई नियमितता दिएकोछु। थुनेलो रोग नियन्त्रणका लागि गोठसुधार कार्यक्रम अभियानको रुपमा विस्तार गरिनेछ।

169. पशुपंन्छी सेवा अन्तरगत मेडिकल उपचार सेवा सहज र सुलभ तरिकावाट किसानहरुको घरदैलोमा पुराउंने नीति लाइ निरन्तरता दिएको छु। साथै पशुपंन्छीहरुको खोप सेवालाई निशुल्क रुपमा उपलब्ध गराइनेछ। पशु औषधीको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाएको छु।

170. नगरपालिका भित्रका वडाहरूमा पशुपंक्षी घुम्ती स्वास्थ्य सेवा पुर्याइनेछ।

171. नगर क्षेत्र भित्रF.M.D, P.P.R, Rabies, H.S., B.Q. लगायतका रोग तथा महामारी नियन्त्रण को लागी पूर्ण खोप सुनिस्चित्ता गरी नमूना नगर बनाइनेछ।

172. नगरलाई दुधमा आत्मनिर्भर बनाउनका लागी नगरका १,२,३,४,८,९,१०,११,१२ नं. वडाहरूमा गाई, भैसी पकेट क्षेत्र विस्तार गरिनेछ। फूल तथा मासुका लागि २,३,४,५,६,७,८,११ नं. वडाहरूमा बाख्रा तथा कुखुरा पालन व्यवसाय प्रबर्धन गरिनेछ।

173. नगरभित्र पालन गरिएका पशुचौपायाहरूको आधारभूतऔषधोपचार सेवा निशुल्क प्रदान गरिनेछ।

174. स्वास्थ्यकर मासु तथा दुध उत्पादन तथा वितरणको सुनिश्चित्ताका लागी बधशाला, मासु पसललगायत फार्म तथा डेरी पसल अवलोकन तथा निरिक्षण निरन्तर गरिनेछ।

175. पशु स्वास्थ्य सुधारका लागि अल्ट्रासाउण्ड मेसिन खरिद गरी पशुहरुकोअल्ट्रा साउण्ड परिक्षण बिधि उपयोग गरिने छ |

176. कृषकहरुलाई पशुपालन सम्बन्धि सिपमूलक तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ।

177. एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिदै परम्परागत रुपमा पशु पंक्षी पालना गर्दै आएका कृषक तथा कृषक समूहलाई लक्षित गरी पशुपंक्षी व्यवसायलाई विविधीकरण गर्दै आयमूलक पेशाको रुपमा ब्यवसायिक किसानहरु मध्येवाट उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

178. स्वास्थ, सुरक्षित (मिट मार्ट) मासु पसल संचालन साझेदारी रुपमा संचालन गरिने छ।

179. पशु पोषण प्रवर्धनका लागि सहकारी संस्थाहरु तथा नगरपालिकाको साझेदारीमा नगरक्षेत्रमा दाना उद्योग स्थापना प्रवन्ध गरिनेछ।

180. कृषि तथा पशुपक्षी विकास कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक वजेट को व्यवस्था गरेको छु।

## सहकारी विकास

181. सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यबस्थित गर्न सहकारी ऐनलाई समयानकुल परिमार्जन गरिने छ।

182. एक वडा एक कृषि सहकारीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ। सहकारी शिक्षा कार्यक्रम संचालन गरिनेछ। नगरपालिकामा स्थापना भएको सहकारी डेस्क मार्फत सहकारीहरुको प्रभावकारीरुपमा अनुगमन तथा मुल्याङकन गरिनेछ।

183. राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन गर्ने, निष्कृय रहेका सहकारीलाई सक्रिय बनाउनको लागि आवश्यक सहयोग गर्ने र अत्यन्तै निष्कृय सहकारीहरुलाई आवश्यक प्रक्रिया पुरा गरी खारेज गरिने नीति लिइनेछ।

184. बिसिष्टिकृत सहकारी संचालनको नीति अवलम्बन गरिनेछ। सहकारी एकिकरण गर्ने प्रकृयालाइ जोड दिइने छ।

185. नगर क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता अभिबृद्धि गर्न नगर क्षेत्रका सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ। सहकारीको माध्यमबाट गरीब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिकाको साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

186. सहकारी बजार विकास कार्यक्रमलाई निरन्तरता दिईने छ।

187. नेपाल सरकारले अवलम्बन गरेको सहकारी, सार्वजनिक तथा नीजि तीनखम्बे अर्थनीति अनुसार नगरबासिको आर्थिक विकासको निमित्त "एक वडा एक नमुना सहकारी, एक सहकारी एक उत्पादन कार्यक्रम" संचालन गरिनुका साथै सहकारी संघसंस्थाहरुसंगको साझेदारीमा तरकारी संकलन तथा विक्रि कक्षको विस्तार गरिनेछ।

188. नगरपालिकामा हस्तान्तरण भई आएका सहकारीहरुको संस्थागत तथा मानवीय क्षमता विकासका कार्यहरुलाई निरन्तरता दिनुका साथै सहकारीहरु मार्फत गरिवी न्यूनिकरणलाई विशेष जोड दईने छ। सहकारीसँगको सहकार्यमा सहकारी बजार प्रवद्र्धनमा जोड दिईनेछ।

189. रासायनिक मल तथा विउ विजन कृषकहरु समक्ष सहज रुपमा पराउन स्थानीय सहकारी सस्था परिचालनलाइ निरन्तरता दिइने छ।

**गरिवी न्यूनीकरण तथा रोजगारी तथा उद्यम विकास**

**अध्यक्ष महोदय**

190. सरकारी गैरसरकारी तथा नीजि क्षेत्रसगको साझेदारीमा बार्षिक १००० जना भन्दा बढि ब्यक्तिहरुलाई सीप तथा उद्यमशिलता प्रदान गरि स्वरोजगार सिर्जना गरि गरिवी न्युनिकरण गरिनेछ।

191. गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाइ निरन्तरता दिइ १०० जना नयाँ उद्यमी सिर्जना र ५० जना उद्यमीहरुको उद्यमको स्तरोउन्नती गरि आयआर्जनमा समावेश गरिने छ।

192. उत्पादित सामाग्रिहरुको बजारीकरणा बित्तिय पहुँचमा विस्तार बजार साझा सुविधा केन्द्रको स्थापनाका साथै प्रविधिको हस्नातरण गरि गरिवी न्यूनिकरणमा सहयोग पुराइने छ।

193. नगरपालिकावाट सचालन गरिने आयआर्जन तथा रोजगार सिर्जना गरिने कार्यक्रमहरु मेड्पा मोडलमा सचालन गरिने छ।

194. नगरका बेरोजगारहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्दै नगर तथ्याङ्क केन्द्र स्थापनाका अलवा स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई आगामि अवमा पनि प्रभावकरिताका साथ संचालन गरिने छ।

195. टोल विकास समिति सशक्तिकरण गरी भौतिक पुर्वाधार निर्माणमा साझेदार सस्थाको रुपमा लगिने छ।

196. अपांग तथा महिलाहरु द्वारा सञ्चालित उध्योग तथ ब्यवशायहरुको १ लाख सम्मको ऋणको ब्याजको ५० प्रतिशत नगर पालिकाले तिर्ने ब्यवस्था मिलाएको छु।

197. प्रधानमन्त्री रोजगार कार्यवक्रमसँग आवद्ध गरी श्रममा आधारित मजदुरहरुको रोजगारी सुनिश्चितताका लागि बाहैं महिना कामगर्ने व्यवस्था मिलाईने छ।

## पर्यटन विकास

198. देवीस्थान पार्कको बाँकी काम पुर्ण रुपमा सम्पन्न गरिने छ। पार्कको साइडमा शौचालय निर्माण पसल कबल निर्माणका साथै नमुना पार्कको रुपमा विकास गरिने छ।

199. धुलिखेल एउटा ऐतिहासिक तथा साँस्कृतिक शहर हो। हाम्रा संस्कृतिहरु मूर्त मात्रै छैनन् अमूर्त पनि छन्। विभिन्न जात जाति, जनजाति तथा भाषा भाषीका आफ्नै मौलिक सास्कृतिक धरोहरहरु छन्। यिनिहरुको संरक्षण, विकास तथा प्रवर्धन गर्नु हामी सवैको साझा कर्तब्य हो। समग्र सस्कृति संरक्षण तथा जात्रा पर्व व्यवस्थापन कार्यलाइ निरन्तरता दिएको छु।

200. नगरपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न विभिन्न रणनीतिहरु तथा कार्यक्रम संचालन गरिएको छ। पर्यटकहरुको वसाइ अवधिलाई लम्वाउन निर्माणाधिन देवीस्थान पार्क तथा धुलिखेल मनोरन्जन पार्कमा जू निर्माण गर्ने कार्य प्रारम्भ गरिनेछ। सार्वजनिक यातायातबाट धुलिखेल घुम्न आउने विदेशी तथा आन्तरिक पर्यटकहरुलाई सुविधा दिन धुलिखेलमा अवस्थित होटलहरुको सहयोगमा शौचालय सहितको बसविसौनी निर्माण गर्न आवश्यक पहल गरिनेछ।

201. होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुष तथा सस्कृती झल्कने कार्यक्रम संचालनमा जोड दिदै ऐतिहासिक र पुरातात्वीक मठ मन्दिरको मर्मत तथा संरक्षमा निरन्तरता दिईने छ। निर्माणाधीन देविस्थान पार्कमा विभिन्न जातजातिको पहिचान झल्काउने भेषभूपा तथा परम्परागत सामाग्रीहरुको प्रदर्शनीस्थल राख्ने व्यवस्था मिलाईने छ।

202. यस नगरको वडा नं १ र २ मा रहेको छाँगे झर्ना र वडा नं ११ मा रहेको कपिलेश्वर माहादेवलाई रहेको क्षेत्रलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्नका लागि कार्य प्रारम्भ गरिनेछ।

**बन वातावरण बिपद् तथा फोहरमैला ब्यवस्थापन**

203. नगरक्षेत्रको विद्यमान वन संरक्षण र प्रवर्द्धन गरी खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिई नगरपालिकाको हरियाली क्षेत्रको विस्तारमा जोड दिईनेछ।

204. हरेक वडामा न्यूनतम "**एक खेलमैदान, एक पोखरी, एक नर्सरी र एक बाल उद्यानको**" अवधारणालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने निरन्तरताका लागि वजेटको व्यवस्था गरेको छु।

205. एकीकृत नगर विकास योजना अन्तर्गत भूमिको उपयोगलाई व्यवस्थित गरी अव्यवस्थित वसोवास, कृषियोग्य भूमि तथा वनक्षेत्रभित्र हुने वस्ती विस्तारलाई निरुत्साहन गरी भू उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ।

206. धुलिखेल नगरबासीमा पूर्ण सरसफाईको उपलव्धता र पहुंच सुनिश्चित गर्दै स्वच्छ वातावरण तथा गुणस्तर जीवनको प्रत्याभुतिका लागि सफा, सुरक्षित तथा दिगो रुपमा दिसाजन्य लेदो व्यवस्थापनको सेवा तथा सुविधामा पहुंच बढाई जनस्वास्थ्य तथा सरसफाईमा टेवा पुर्याउन दिगो विकासको लक्ष्यका आधारमा धुलिखेल नगरपालिकामा स्थानीय दिसाजन्य लेदो व्यवस्थापन नीति, २०७७ अनुसार कार्यक्रमहरु सचालन गरिने छ। दिसाजन्य लेदो व्यवस्थापनका लागि आगामी वर्ष पूर्वाधार निर्माणको कार्य प्रारम्भ गरिनेछ।

207. खुल्ला दिसामुक्त नगरपालिका घोषणा भैसकेको सन्दर्भमा पुर्णसरसफाईयुक्त नगर तर्फ उन्मुख हुने तर्फका क्रियाकलापहरु निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ।

208. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक सहयोग तथा नगरपालिका र निजीक्षेत्रको साझेदारीमा १८ करोडको लगानीमा निर्माण हुन लागेको फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्यलाई तादरुकताका साथ अघि बढाईने छ। यसरी निर्माण हुने प्रशोधन

केन्द्रबाट ग्यासका अलवा अर्गानिक मल लगायतका वस्तुहरुको समेत उत्पादन भई नगरपालिकाको आन्तरिक आम्दानीको श्रोत समेत प्रवर्धन हुने अपेक्षा लिएको छु।

209. अरनिको तथा विपी राजमार्ग भएर प्रवेश गर्ने निजी तथा सार्वजनिक सवारी साधनहरुवाट निष्कासन हुने फोहोरका कारण नगरपालिकाभित्रको राजमार्गक्षेत्र प्रदुषित बन्दै गएकोले त्यस्ता सवारी साधनभित्रै डस्टविन राखी फोहोर संकलन गर्ने र नगरपालिकाले तोकेको स्थानमा विसर्जनको व्यवस्था मिलाईनेछ।

210. नगर यातायात गुरुयोजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ। सडक तथा सार्वजनिक जग्गा अतिक्रमणलाई कडाईका साथ नियन्त्रणका साथै सार्वजनिक जग्गाहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ।

211. बिपदको पुर्वतयारीका साथसाथै वडामा गठन भएका विपद् समितिहरुको प्रभावकारी परिचालन गरिने छ। साथै बिपद् प्रभावितहरुलइ उचित राहात उपलब्ध गराउँने ब्यवस्था मिलाएको छु। नरपालिकको छुट्टै विपद व्यवस्थापन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

212. नगर भित्र रहेका सवै टोल विकास सस्थाहरुलाइ विपद् पुर्व तयरीका लागि सामाग्रीहरु तयार अवस्थामा राख्नको लागि आवश्यक सहयोग गरिने छ।

213. नगर भित्रका सवै विद्यालय, सरकारी कार्यालय लगायतका सार्वजिनक संरचनाहरुमा वृक्षारोपण गर्ने व्यवस्था गरी हरियाली प्रवर्द्धन गर्ने नीति लिइने छ।

214. नगर क्षेत्रभित्र रहेको वनक्षेत्रलाई संरक्षण, सम्वर्दध र वनको दिगो उपभोग र व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई प्रबद्र्धन गरिनेछ। वनक्षेत्रबाट बहुविधागत लाभ प्राप्त गर्नका लागि सामुदायिक वनक्षेत्रमा उपभोक्ताहरुको अगुवाईमा अमला, ओखर, कटुस, लप्सी, टिमुर, भकिम्लो, अम्रिसो जस्ता वनस्पतिको रोपण तथा संरक्षणको व्यवस्था गरिनेछ।

215. समृद्धिका लागि वनको अवधारणा अनुरुप श्रीखण्डपुरको छलेश्वर वन, स्वर्गे हुमेन डाँडा वन, कटुवापाखा वन, शंखुको वन, फस्कोट वन लगायतका नगरक्षेत्रका सामुदायिक वनहरुको संरक्षण गर्दै इको टुरिजमको अवधारणा अनुरुप विकास गरिनेछ।

216. नगरक्षेत्र भित्रको जैविक विविधता र जैवीक चक्र अध्ययन गरी त्यसको संरक्षणको लागि आवश्यक ऐन नियम योजना बनाई कार्यान्वयन गरिनेछ। साथै जलवायु परिर्वनले पारेका असर र प्रभावको अध्ययन गरी जलवायु अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। गोबरग्यास, सोलार लगायत सफा उर्जा र बैकल्पिक उर्जा विस्तारलाई प्रोत्साहन गरिनेछ।

217. पचासवटा भन्दा धेरै गेष्ट रुम भएका पर्यटकीय होटलहरु, तथा ठूला तथा ब्यवसायिक प्रयोजनको लागि निर्माण गरिएका अन्य घरहरुले आफ्नो होटल तथा घरबाट निस्कने फोहर पानी स्वयं प्रशोधन गर्नु पर्ने नीति लागू गरिने छ। सो वापत त्यस्ता व्यवसायीहरुले नगरपालिकामा तिर्न पर्ने कर राजश्वमा छुटको व्यवस्था मिलाएको छु।

218. पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न बजार क्षेत्रको बाटो निर्माण समाग्रीहरु राख्ने कार्यलाई निषेध गरिनेछ।

219. धुलिखेल क्षेत्रमा पानीको दिगो उपयोग श्रोतको पहिचान र प्रथमिकिकरण विषयमा साथै पहिचान गरीएको खानेपानी आयोजनाको स्रोत व्यवस्थापनसमेत गर्ने प्रयोजनका लागि - Asian Institute of Advance Studies (SIAS) साझेदारीमा पानीका दिगो ब्यवस्थापनका लागि पानी चौतारी, पोखरी निर्माण, पानीको श्रोत संरक्षण लागयतका कार्यक्रमहरु संचालन कार्यलाई निरन्तरता दिईने छ। साथै WWF र KU संगको सहकार्यमा रोशी जालाधार संरक्षण र झिकु खोला जालाधार क्षेत्रको अध्ययन कार्य समेत सम्पन्न भएकोछ। उक्त संस्थाबाट धुलिखेलको समग्र खानेपानीको अवस्था सहितको पुस्तक समेत प्रकाशन भएको जानकारी गराउँछु।

220. नगरपालिकाको विभिन्न क्षेत्रहरुमा रहेको ऐलानी र पर्ती जग्गाको खोजी गरी जग्गाहरुको सिमांकन तथा संरक्षणको व्यवस्था गरिनेछ।

221. प्रमुख खाद्यवाली उत्पादन हुने फाँटक्षेत्रहरुको पहिचान गरी सो जमिनको संरक्षण गर्न उक्त जमिनमा आवास प्रयोजनका लागि भवन संरचना वनाउन नदिने नीति लागु गरिनेछ।

222. नगरपालिका क्षेत्रभित्र नगरपालिकाको स्वामित्वमा निर्माण गरिएका सार्वजनिक भवन,पार्क तथा अन्य सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने, मर्मत संहार गरी सार्वजनिक उपयोगमा ल्याईनेछ।

## सूचना, संचार तथा प्रविधि

223. पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारक्षेत्र सम्बद्ध निकायहरुसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। एकै स्थानवाट सूचना तथा सञ्चारको ब्यवस्थापनका लागि मिडिया सेन्टर को स्थापना गर्ने कार्य प्रारम्भ गरिनेछ।

224. राजस्व संकलन सेवा लगायत सहज सूचना प्रवाहको लागि ८ वटा वडा कार्यालयसम्म आफ्नै फाइबर मार्फत पुर्याइएको र बाकीं ४ वटा वडाहरुमा यसै वर्ष आफ्नै अप्टिकल फाइबर जडान गरी नगरपालिका केन्द्रसँग सोझै जोडिने छ। यसबाट वडाहरुमा इन्टरनेट

राजश्व संकलन, सिसि क्यामेरा सर्भेलेन्स, ई हाजिरी व्यवस्थापन लगायतका कार्यमा सहजीकरण हुनेछ।

225. नगरपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन र कागज रहित तथा अनलाईन सेवाको प्रबर्द्धन गर्न आवश्यक सूचना प्रविधि पूर्वाधार सहित यस क्षेत्रमा प्रयोग भईरहेका सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोगमा जोड दिईने छ।

226. सबै कर्मचारीहरुलाई सूचना प्रबिधि मैत्री बनाउनको लागि सूचना प्रबिधि सम्बन्धि प्रशिक्षण कार्यक्रम संचालन गरिने छ।

227. नगर भित्रका सम्पूर्ण डाटा व्यवस्थापन को लागि आफ्नै सर्भरको व्यवस्था गरिएको छ। साथै आर्थिक कारोबार लाइ Cyber threats बाट बचाउनको लागि Firewall system,SSL,सर्भर अपग्रेड र डाटा ब्याकअपको ब्यवस्थापन गरेको छु।

228. योजनाको काम मुल्यांकन तथा सिफारिस लगायतका काम लाई छिटो छरितो र सहज बनाउने प्रयोजनको लागि इन्टीग्रेटेड सफ्टवेयरको निर्माण गरि प्रयोगमा ल्याईने छ।

**सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन**

229. सेवाग्राहीको अधिकारलाई सम्वोधन सवै वडा कार्यालय र विषयगत इकाइमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरिएको मा सो को प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरुलाई उत्तरदायी बनाईने छ। यसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी र विश्वसनीय हुने विश्वास लिइएको छ।

230. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रबिधिको विकास तथा बिस्तार गरी E-Governance लाई तिव्रता दिईने छ। सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रबिधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा आधारित online Service बनाई प्रवाह गर्ने नीति रहेको छ। अनलाईन मार्फत उपलव्ध गराउन सकिने सबै प्रकारका सेवाहरुलाई ईमेल इन्टरनेटको माध्यमबाटै उपलव्ध गराउन **Digital Demand, Digitally Serve** को नीति अवलम्वन गरिनेछ।

231. आम नगरबासीलाई सेवा तथा सूचना दिने प्रयोजनको लागि नगरले मोवाइल एप संचालनमा ल्याईएको छ। नगरपालिकाबाट जारी गरिने सेवा तथा सेवा लिन सम्पर्क राख्नु पर्ने स्थानहरु, ए वम् सूचना तथा सार्वजनिक जानकारीका विषयहरुको अलावा नागरिकरुको दैनिकी संग जोडिएका विविध विषयहरु यस एप मार्फत नगरबासीको हात हातमा पुऱ्याइनेछ।

232. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध—बृद्धा एवम् दृष्टिविहिनहरुलगायत सबै प्रकारका फरक शारीरिक क्षमताका नागरिकले प्राप्त गर्ने गरी नागिरकमैत्री वातावरणको व्यवस्था मिलाईने छ।

233. कर्मचारीहरुको कार्य सम्पादनमा अधारित प्रोत्साहन प्रणाली यसै श्रावण महिना देखि लागु गरिने छ। कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ।

234. पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ। राजपत्रको नियमित प्रकाशनको व्यवस्था गरिनेछ। नगरपालिकाले तर्जुमा गरेका सबै नीति तथा कानूनहरु नगरपालिकाको वेवसाइटमार्फत सार्वजनिक गरिनेछ। वेवसाईट नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाएको छु।

235. नगरपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी गत परिषदबाट स्वीकृत भई सञ्चालन हुँदै आएकोमा स्थानीय पुनःसंरचना पश्चात्को संगठनात्मक स्वरुप बमोजिम दरवन्दी व्यवस्थामा पुनरावलोकन गरिनेछ।

236. वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न कार्य क्षमता तथा रुचीको आधारमा सरुवा तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ।

237. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जूमा गरिनेछ।

238. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ। वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ। प्रत्येक कार्यालयहरुमा रहेका नागरिक वडापत्र नियमित अद्यावधिक गरिनेछ।

239. नगरपालिकामा आबश्यक र उपयुक्त थप कानूनहरुको तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ।

240. यस नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर Good Governance Friendly City बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरुवात गरिएकोमा उक्त कार्यलाई प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीति लिइनेछ।

241. नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ। गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ। सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र बिश्वसनीय बनाइनेछ। ईबिडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ। गुणस्तर मापदण्ड बनाई लागू गरिनेछ। विकास कार्यहरुको ब्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।

242. नगरपालिका उत्कृष्ट काम गर्ने कर्मचारीहरु तथा नगरपालिकाको समग्र विकासमा उत्कृष्ट योगदान दिने महानुभावहरुलाइ नगर स्थापना दिवसको अवसरमा पुरस्कृत गर्ने नतिलाइ नरन्तरता दिइने छ।

243. कार्यालयमा रहेका पुराना सवारी साधनहरुको मर्मत सम्भार खर्च अत्यधिक हुने गरेकाले यस्ता सवारी साधन लिलाम विक्रि वा अन्य निकायलाई हस्तान्तरणको प्रक्रिया सम्पन्न गरिनेछ।

244. नगरपालिकाबाट भवन निर्माण ईजाजतमा ढिलासुस्ती र हैरानी भएको भन्ने सेवाग्राहीको गुनासोलाई सम्बोधन गर्न नगरपालिकाका कर्मचारीहरुबाटै नक्सा डिजाईन गरिदिने व्यवस्था मिलाईने छ। सो कार्यको लागि सेवाग्राहीबाट न्यूनतम शुल्क लाग्ने व्यवस्था मिलाई नक्सा डिजाईनमा संलग्न कर्मचारीहरुलाई अतिरिक्त प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

245. आर्थिक पारदशिताको लागि वडा कार्यालयमा कार्यरत विषयगत शाखाका कर्मचारी, वडा सचिव तथा उपभोक्ता समिति टोल विकास संस्थाका अनुभवी व्यक्तिहरुलाई चयन गरी सार्वजनिक खरिद प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिम उपलव्ध गराईनेछ।

246. आयोजनाको लागत अनुमान, नियमित निरीक्षण तथा मुल्यांकन प्रक्रियालाई झन्झट रहित गर्न हप्ताको न्यूनतम २ दिन कम्तिमा सहायक स्तरको प्राविधिकबाट वडा कर्यालय बाटै सेवा उपलब्ध गराउने ब्यबस्था मिलाइने छ उपभोक्ता समितिमार्फत कार्यन्वयन हुने आयोजनाको लागि नियमित घुम्ती टोलि मार्फत वडा कार्यालयबाट आयोजन सम्झौताको प्रवन्ध गरिनेछ

247. स्वास्थ्य उपकरण लगायत स्वास्थ्य सामाग्री भण्डारणको उपयुक्त व्यवस्था गरिनेछ।

248. दीगो विकासका राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्षलाई आन्तरिकीकरण गर्न दिगो विकासका सूचकहरुमा नगरपालिकाको वस्तुगत अवस्थाको अध्ययन गरिनेछ। विद्यामान सूचकहरुको आधारमा नगरस्तरका उन्नत सूचकहरु निर्धारण गरी लक्षप्राप्तिका लागि नगरपालिकाका क्रियाकलापहरु सामायोजन तथा आन्तरिकीकरण गरिनेछ।

249. नगरको अर्थतन्त्रको यथार्थ चित्रण गर्न र आर्थिक विकासका क्रियाकलापहरुलाई लक्षोन्मुख गराउन धुलिखेल नगरको समग्र अर्थतन्त्र (Micro Economic status ) को अवस्था अध्ययन गरिनेछ। सोको आधारमा आर्थिक विकासका गतिविधिहरु निर्धारित गरिनेछ।

**राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध**

250. नगरपालिकाले आफ्नो भौतिक स्रचना, प्रविधिको विस्तार, कर्मचारी दक्षताको बृत्ति विकासमा सहयोग पुग्ने उदेश्यले विश्वमा रहेका विकसित राष्ट्रका विभिन्न शहरहरुसँग मित्रवत तथा भगिनी सम्बन्ध स्थापना गर्ने नितिलाई निरन्तरता दिईने छ। सम्बन्ध पश्चात दुवै शहरहरुबीच मित्रवत सम्बन्ध स्थापित भई दुवै देशको नियम कानुनमा आधारित रही पारस्पारिक लाभ तथा समानताको सिद्धान्तमा कृषि, व्यापार, पर्यटन, संस्कृति, शिक्षा, व्यक्तित्व विकास, व्यापार प्रवर्दन, पारस्परिक सम्बृद्धि लगायतका विविध क्षेत्रहरुमा लाभ लिने गरी कार्य अघि बढाईने छ।

251. नगरपालिकाले सदस्यता प्राप्त गरेका अन्तराष्ट्रिय सघ संगठनहरुमार्फत नगरपालकाको बहुक्षेत्रीय विकासका लागि सहयोग तथा साझेदारीको प्रवर्द्धन, अन्तराष्ट्रिय अनुभव तथा अभ्यासहरुको आदान प्रदान गर्न तथा कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आधिकतम प्रयत्न गरिनेछ।

252. नगरपालिकाको शहरी विकास तथा सडकको स्तरीय व्यवस्थापनका गर्न सडक सम्बन्धी कार्य गर्ने अन्तराष्ट्रिय संस्था IRF(International Road Federation) सँग सदस्यता लिने सम्बन्धमा आवश्यक पहल गरिने छ।

253. अन्तराष्ट्रिय स्तरमा भईरहेका विकासका गतिविधिलाई प्रत्यक्ष रुपमा अध्ययन तथा अवलोकन गर्न अवसर मिल्ने र उक्त विकास गतिविधिहरुलाई धुलिखेलमा अवलम्बन गर्न प्रवाभकारी माध्ययमको विकास हुने उदेश्यका साथ अन्तराष्ट्रीय संस्था ICLEI(Local Government for Sustainability) को सदस्यता लिने कार्य अन्तिम चरणमा पुगेको हुँदा सो कार्य सम्पन्न गरिने छ।

254. नेपाल नगरपालिका संघको संयोजन तथा United Cities and local Government Asia Pacific (UCLG ASPAC) को सहकार्य एबं वाताबरण तथा जनसंख्या संस्था (एन्फो) को प्राबिधिक सहकार्यमा नेपालका ५ वटा नगरपालिकामा संचालित Municipalities Network Advocacy on Sanitation in South Asiaपरियोजनाको कार्यन्वयन सन्दर्भमा नेपाल नगरपालिका संघ र धुलिखेल नगरपालिका बीच समझदारी पत्रमा हस्ताक्षर भई कार्यक्रम सञ्चालन तथा कार्यान्वयनमा आएकोमा सो कामलाई निरन्तरता दिईने छ।

255. कृषि, व्यापार, पर्यटन, संस्कृति, शिक्षा, व्यक्तित्व विकास, पारस्परिक सम्बृद्धि, व्यवसायीक क्षमता अभिवृद्धि लगायत विविध क्षेत्रहरुमा सक्रिय तथा प्रभावकारी रुपमा सहयोग आदानप्रदान तथा सहकार्य अभिवृद्धि गरी साझा सम्मृद्धि तथा विकास प्रवर्द्धनमा सघाउ पुग्ने उद्देश्यले देशको विभिन्न भौगोलिक तथा साँस्कृतिक पहिचान रहेका स्थानीय तहहरुसँग मित्रवत सम्वन्ध स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

256. नगरपालिकामा UN बाट जारी भएका दीगो विकासका सूचकहरुको अवस्था तथा आवश्यक कार्यान्वयनका लागि United Nations Economic and Social Commission for Asia and the Pacific (UNESCAP) / ICLEI (Local Governments for Sustainability, South Asia) को सहकार्यमा नगरपालिकामा सहस्राव्दी विकासका विभिन्न पाँचवटा लक्षहरुमा केन्द्रित रही सञ्चालन भईरहेको Voluntary Local review (VLR) Project लाई निरन्तरता दिईने छ।

## न्यायिक समिति तथा बिविध

257. नागरिकहरुलाई सर्वसुलभ रुपमा न्याय दिने परिकल्पना सहित गठन भएको न्यायिक समितिलाई क्षमता विकास गर्दै उक्त समितिबाट प्रभावकारी रुपमा न्याय सम्पादन हुने गरी आवश्यक बन्दोबस्त गरिने छ। न्यायिक समितिको कार्यमा सघाउने सामुदियक मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

258. वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास र परिचालन गरिनेछ।

259. नगरपालिकावाट प्रवाह गरिने सेवा प्रवाहलाई सरल र सहजताका लागि नेपालको संविधान र यस मातहतका कानूनको मातहतमा रहि ७६ वटा ऐन, नियम र कार्यविधिहरु हाल सम्म तयार गरिएकोमा आगामि दिनमा अन्य आवश्यक कानूनहरु तर्जुमा तथा स्वीकृति गरिदै लगिने छ।

260. नागरीक स्तरवाट आफ्नो पेशा, ब्यवसाय कला साधना र सहित्य सृजना मार्फत धुलिखेललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा चिनाउने हाम्रा मेहनती र आदरणीय नागरिकहरुलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा संम्झने, सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ।

261. स्वीस सरकार, हेल्भेटासको सहयोगमा यस नगरपालिकामा संचालित सुरक्षित आप्रवासन (सामी) परियोजनालाई आगामि वर्ष पनि निरन्तरता दिईनेछ।

262. एक घर एक बैंक खाता नीति अनुरुप हरेक परिवारमा एक बैक खाता खोल्न नगरपालकाको तर्फबाट आवश्यक कार्यक्रम गरिने छ।

263. ई पेमेन्ट द्वारा राजस्व बुझाउने नगर बासी करदाता हरुलाई बुझाएको कर रकमको २ प्रतिशत छुट गरिने छ।

264. हरेक वडामा रहेका बिद्यालय तथा स्वास्थ्य संस्थाहरु एवंवडा कार्यालयमा ईन्टरनेट सेवा निशुल्क उपलब्ध गराइने छ।

265. स्मार्ट सिटीका लागि प्राप्त हुने रकमलाई वडा पूर्वाधारहरुमा प्राथमिकताका आधारमा खर्च गर्ने प्रवन्ध मिलाएकोछु।

**अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको बाँडफाँड र स्रोत ब्यवस्थापनको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छुः**

266. आगामी बर्षको क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न ११५ करोड १५ लाख बिनियोजन गरेकोछु। कुल बिनियोजन मध्ये चालू खर्च तर्फ ५७ करोड ४५ लाख ७४ हजार अर्थात ४९.९० प्रतिशत, पूँजिगत खर्च तर्फ ५७ करोड ५४ लाख २६ हजार अर्थात ४९.९७ प्रतिशत र बित्तीय ब्यवस्था तर्फ १५ लाख अर्थात ०.१३ प्रतिशत रहेकोछ।

267. आगामी आर्थिक बर्षका लागि अनुमान गरिएका खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्व (मौज्दातसमेत) बाट १९ करोड ५६ लाख ६८ हजार, संघ सरकार अन्तरसरकारी हस्तान्तरणबाट ४७ करोड १२ लाख, प्रदेश सरकार अन्तरसरकारी हस्तान्तरणबाट ६ करोड ७४ लाख ७ हजार, राजश्व बाँडफाँडबाट १४ करोड १७ लाख २९ हजार, अन्य कार्यक्रम तथा परियोजनाबाट २३ करोड ५४ लाख ७६ हजार र जनसहभागिताबाट ४ करोड प्राप्त हुने अनुमान छ।

**आव म आगामी आर्थिक बर्ष २०७८।०७९ को राजश्व परिचालनका नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

268. कर दाताले बिद्युतिय सूचना प्रणालीको माध्यमबाट सबै किसिमका करहरु भुक्तानी गर्नको लागि ब्यापक कर शिक्षा कार्यक्रम संचालन गरी कर तिर्न नगरपालिका कार्यालयमा लाइन बस्नु पर्ने कार्यलाइ अन्त्य गरिनेछ।

269. राजश्वको अभिवृद्धिको लागि प्रत्येक वडाहरु प्रविधिमैत्री कर शिक्षा तथा ब्यवसाय दर्ता अभियान संचालन गरी सबै दरदातालाइ करको दायरामा ल्याइनेछ।

270. विद्यमान ऐन कानून बमोजिम राजश्व वृद्धिका लागि तेस्रो पक्षवाट राजश्वको सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका क्षेत्रहरुको पहिचानका लागि अध्ययन गराइनेछ।

राजश्व अध्ययनबाट पहिचान भएका क्षेत्रहरुमा करको दायरा विस्तार गरी राजश्व सम्बन्धी विद्यमान ऐनहरुलाई पुनरावलोकन गरिनेछ।

271. आगामी आवमा धुलिखेल नगरपालिका भित्र निर्माण भएका सबै प्रकारका भवन संरचनाहरु अभिलेखीकरण गरी करको दायरामा ल्याइनेछ।

**छुट सुविधा र सहुलियतः**

272. पर्यटकीयस्तरका होटलले आफ्नो होटलबाट निस्कने फोहर पानीलाई प्रशोधन गरेर मात्र ढल निकासको प्रवन्ध गरेमा लाग्ने शुल्कमा थप छुट

273. पर्यटकीय स्तरका होटल/होमस्टेमा जम्मा मजदुर मध्ये ५० प्रतिशत धुलिखेलको स्थायी बासीलाई रोजगारी दिएमा थप

274. बिगत आर्थिक बर्ष देखि दिदै आएको सम्पत्ती कर पौष मसान्तसम्म तिर्ने करदाता तथा आश्विन मसान्तसम्म एकमुष्ट व्यवसाय कर बुझाउने व्यवसायी दिदै आएको करछुटलाई निरन्तरता दिएकोछु।

275. धुलिखेल नगरपालिकाका सधन क्षेत्रमा पुराना घर भत्काइ वा भत्किएको स्थानमा अगाडीको मोहोडा मात्र पुरातात्वित तथा पुरानो शैली झल्कीने गरी निर्माण गर्न नक्सा पेश गरी सोही अनुरुप निर्माण सम्पन्न गरेपछि दिने छुटलाई निरन्तरता दिएकोछु।

276. अपाङ्ग परिचय पत्र भएको धुलिखेल नगरपालिकाको स्थायी बासिन्दा ब्यक्तिको सम्पत्ती कर, सडक वत्ती शुल्क र विपद ब्यवस्थापन शुल्कमामा सतप्रतिशत छुट दिने ब्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

277. गत आर्थिक बर्ष २०७६/०७७ मा आय तर्फ ८५ करोड ७५ हजार ९ सय ६५ रुपयाँ भएकोमा चालू खर्च ४३ करोड १८ लाख ४७ हजार २६५ रुपयाँ, पूँजिगत खर्च ३९ करोड ६४ लाख ८६ हजार ९१४ रुपयाँ र बित्तीय ब्यवस्थापन खर्च २ लाख ९ हजार ४९० समेत गरी जम्मा ८२ करोड ८५ लाख ४३ हजार ६६८ रुपयाँ खर्च भई ९७.४८ प्रतिशत प्रगति भएको छ। विस्तृत विवरण अनुसूचीमा छ।

278. चालू आर्थिक बर्ष २०७७/७८ को पहिलो ८ महिनाको अवस्था विश्लेषण गर्दा कोभिड-१९ का कारण लकडाउन भई लक्ष्य अनुसार राजश्व परिचालन हुन नसकी कुल बजेट ९८ करोड ५८ लाख ७२ हजार ३३० कायम हुन गएकोमा २०७८ जेष्ठ मसान्तसम्म ५९ करोड ६ लाख ३७ हजार ५४६ खुद आम्दानी भएकोमा सोही अवधिमा खर्च ४६

करोड ६३ लाख ५ हजार १८६ हुन भई ४७.२९ प्रतिशत प्रगति भएको छ। सो को विस्तृत विवरण समेत अनुसूचीमा छ।

279. नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुराउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी ब्यवसायी, बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु। बार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्न जति सहज हुन्छ यसयको कार्यान्वयन पक्ष महत्वपूर्ण हो। हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ। अतः यस अवसरमा धुलिखेल नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट यसको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक अनुरोध गर्न चाहन्छु।

280. यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट धुलिखेल नगरपालिकाको समावेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिइएको छु। प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु। नीति तथा कार्यक्रमहरुका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, नगरसभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो।

281. कुनै पनि नीती तथा योजनाको सफलता सो को कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरु, नागरिक समाज, सरकारी एवम् गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवम् आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ। विगतमा झैं नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एवम् विश्वास लिएको छु।

धन्यवाद

अशोक कुमार ब्यान्जु श्रेष्ठ

नगर प्रमुख

धुलिखेल नगरपालिका, धुलिखेल काभ्रेपलान्चोक

मिति २०७८ आसार ७ गते सोमबार

अनुसूची -१

धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक

# नगर कार्यपालिकाको कार्यालय, धुलिखेल

## बित्तीय स्थिति

| राजश्व संकेत | आय शीर्षक | २०७६/७७ को यर्थाय | २०७७/७८ को शंसोधित अनुमान | २०७८ जेष्ठ मसान्त सम्मको यथार्थ खर्च | २०७८/७९ को प्रस्तावित अनुमान |
|---|---|---|---|---|---|
| **आयः** | | 850075965.98 | 985872330.00 | 590637546.34 | 1151500000.00 |
| | **राजस्वः** | 269688305.37 | 328932330.00 | 181379321.11 | 337397000.00 |
| | आन्तरिक राजश्व | 46822623.77 | 76498297.00 | 48882187.27 | 60000000.00 |
| | राजस्व बाँडफाँटबाट प्राप्त रकम | 114121733.11 | 146654130.00 | 105013054.27 | 141729000.00 |
| | गत बर्षको मौज्दात अ.ल्या. | 108743948.49 | 105779903.00 | 27484079.57 | 135668000.00 |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | 549989512.73 | 616940000.00 | 386857724.00 | 774103000.00 |
| | संघीय सरकारबाट प्राप्त | 361348391.48 | 404600000.00 | 277879344.00 | 471200000.00 |
| | प्रदेश सरकारबाट प्राप्त | 46792206.00 | 61740000.00 | 46305000.00 | 67427000.00 |
| | अन्य स्थानीय तहबाट प्राप्त | | | | |
| | अन्य | 141848915.25 | 150600000.00 | 62673380.00 | 235476000.00 |
| | **जनसहभागिताः** | 30398147.88 | 40000000.00 | 22400501.23 | 40000000.00 |
| | नगद सहभागिता | 30398147.88 | 40000000.00 | 22400501.23 | 40000000.00 |
| | श्रम तथा वस्तुगत सहायता | | | | |
| **व्ययः** | | **828543668.62** | | | **1151500000.00** |
| | चालू खर्च | 431847265.22 | | 466305186.20 | 574574000.00 |
| | पूँजिगत खर्च | 396486913.18 | | | 575426000.00 |
| | बित्तीय ब्यवस्था | 209490.22 | | | 1500000.00 |